National Life
for a secure future....

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
**NATIONAL LIFE INSURANCE COMPANY LIMITED**

P.O. Box 4332, Lazimpat
Kathmandu, Nepal
Tel: 4514799, 4516556, 4514803
E-mail: nlgilife@mail.com.np
Website: www.nationallife.com.np
Fax: 977-1-4535633

NATIONAL LIFE INSURANCE COMPANY LTD. ★ KATHMANDU ★

मिति : २०८२/०९/०७

च.नं. ३९४७/०८२/०८३

श्री नेपाल स्टक एक्सचेंज लि.,
भद्रकालि, काठमाण्डौं ।

**विषय :- बार्षिक साधारण सभा तथा शेयर दाखिला खारेज (Book Close) र दर्ता बन्द रहने सम्बन्धमा ।**

महोदय,

यस कम्पनीको मिति २०८२/०९/०७ गते सोमबार अपरान्ह ३:३० बजे सम्पन्न ५७० औं बैठकको निर्णय अनुसार कम्पनीको ३८ वौं बार्षिक साधारण सभा यहि मिति २०८२/०९/३० गते कम्पनीको केन्द्रीय कार्यालय लाजिम्पाट, काठमाण्डौंमा बस्ने निर्णय भएको व्यहोरा अनुरोध गर्दछौं ।

उपर्युक्त बार्षिक साधारण सभा सम्बन्धि विवरणहरु निम्न अनुसार रहेको व्यहोरा अनुरोध गर्दछौं ।

- नगद लांभाश ८.५ (आठ दश मलव) प्रतिशत का दरले रु.४६,५१,८२,८७८/-
- बोनश शेयरको रुपमा लांभाश ४ (चार) प्रतिशत का दरले रु.२१,८९,०९,५८९/-
- लाभांशमा लाग्ने कर प्रयोजनको लागि ०.६५७८९४७४ प्रतिशतका दरले रु.३,६०,०४,८६७/- नगद लांभाशबाट समायोजन ।
- **शेयर दाखिला खारेज मिति (Book Close) : २०८२/०९/१७ गते, बिहीबार एक दिनको लागि ।**
- हालको चुक्ता पूँजी : रु.५,४७,२७,३९,७३६/-

सो बार्षिक साधारण सभा सम्बन्धि विस्तृत सूचना यसै पत्र साथ संलग्न गरिएको व्यहोरा अनुरोध छ ।

सधन्यवाद ।

भवदिय,

..............................
शर्मिला श्रेष्ठ
कम्पनी सचिव

**संलग्न :**
**वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचनाको प्रतिलिपी - २ थान**


| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Biratnagar | 021-517841 | Dhankutta | 026-523299 | Gaur | 055-521424 | Narayanthan | 01-4378507 | Gajuri | 010-402448 | Chipledhunga | 061-590278 | Kawasoti | 078-590763 | Nepalgunj | 081-530955 | Surkhet | 083-525090 | Dadeldhura | 096-410187 |
| Dubahi | 025-542019 | Terhathum | 026-460741 | Janakpur | 041-590711 | Jorpati | 01-5900943 | Nuwakot | 010-561729 | Pokhara | 061-577801 | Syagja | 063-425193 | Khajuri | 081-560117 | Dailekh | 089-420434 | Bajura | 097-541119 |
| Dharan | 025-538947 | Itahari | 025-587301 | Hariban | 046-530491 | Hetauda | 057-524601 | Parsa | 056-583511 | Gorkha | 064-421511 | Gaidakot | 078-502727 | Rolpa | 086-440281 | Rukum | 088-530235 | | |
| Bhojpur | 029-420007 | Pathari | 021-555790 | Bardibas | 044-550059 | Sindhuli | 047-520628 | Ramechhap | 048-540455 | Damauli | 065-565223 | Bhurigaun | 084-403027 | Chandrauta | 076-540337 | Jumla | 087-520528 | Dipayal | 094-412269 |
| Sankhuwasabha | 029-562823 | Inaruwa | 025-566838 | Jaleshwor | 044-52038 | Narayangadh | 056-596259 | Kirtipur | 01-4334957 | Baglung | 068-520034 | Bardaghat | 078-590039 | Gularia | 084-421255 | Jajarkot | 089-430061 | | |
| Birtamod | 023-530136 | Gaighat, Udaypur | 035-423386 | Rajbira | 031-533505 | Lalitpur | 01-5431440 | Newroad | 01-5351642 | Waling | 063-441513 | Butwal | 071-533468 | Lamahi | 082-540656 | Tharmare | 9801978676 | Achham | 097-625158 |
| Ilam | 027-524780 | Diktel | 036-420617 | Lahan | 033-564004 | Kathmandu | 01-5345168 | Kalanki | 01-5234048 | Lekhnath | 061-562005 | Dang | 082-560581 | Tulsipur | 082-522858 | Purbi Rukum | 088-413030 | Mangalsen | 097-620307 |
| Damak | 023-585733 | Okhaldhunga | 037-520587 | Chandranigahpur | 055-540355 | Tinkune | 01-5192024 | Chabahil | 01-4575090 | Galkot | 068-412161 | Bhairahawa | 071-570065 | Pyuthan | 086-460475 | Dhangadhi | 097-524581 | | |
| Panchthar | 024-522541 | Katari | 035-450326 | Simara | 053-590160 | Gwarko | 01-5200301 | Gongabu | 01-4955503 | Kusma | 067-421212 | Palpa | 075-521730 | Rampur | 075-400175 | Mahendranagar | 099-524607 | Darchula | 093-420479 |
| Taplejung | 024-460906 | Birgunj | 051-521409 | Banepa | 011-660788 | Bhaisipati | 01-5914128 | Pepsicola | 01-5922735 | Myagdi | 069-521021 | Gulmi | 079-520743 | Salyan | 088-590003 | Baitadi | 095-520564 | Sukhad Bazar | 091-403119 |
| Fikkal | 027-540427 | Kalaiya | 053-590104 | Charikot | 049-421859 | Bhaktapur | 01-6619251 | Bhimad | 065-572458 | Lamjung | 066-520803 | Arghakhachi | 077-420788 | Koholapur | 081-540061 | Bajang | 092-421291 | | |
| Urlabari | 021-541809 | Malangwa | 046-521950 | Narayanchaur | 01-4425232 | Dhading Besi | 010-520999 | Hemja | 061-590445 | Dulegauda | 065-414026 | Nawalparasi | 078-521067 | Humla | 087-680192 | Tikapur | 091-561242 | Aktariya | 091-550650 |

# नेशनल लाईफ इन्स्योरेन्स कं. लि. को
## ३८ (अठ्तिस) औं वार्षिक साधारण सभाको सूचना

यस कम्पनीको मिति २०८२/०९/०७ गते सोमबार अपरान्ह ३:३० बजे सम्पन्न सञ्चालक समितिको ५७० औं वैठकवाट यस कम्पनीको अठ्तिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित विषय उपर छलफल गर्नका लागि बस्ने निर्णय भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई आफु स्वयं वा रीतपूर्वकको प्रतिनिधी मार्फत उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०८२ साल पौष ३० गते बुधबार (तदानुसार १४ जनवरी, २०२६)
समय : बिहान १०:३० बजे
स्थान : नेशनल लाईफ भवन, केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौं ।

**छलफलका विषयहरु :**

**विषय सूची :**

**क) साधारण प्रस्ताव :**

१. सचालक समितिको तर्फवाट अध्यक्षज्यूवाट पेश हुने आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आर्थिक वर्ष २०८१/०८२ को वासलात, आय-व्यय हिसाब, नाफा-नोक्सान हिसाब एवम् लेखापरीक्षकको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस वमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति एवम् पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल अद्यावधिक रुपमा कायम रहेको चुक्ता पूँजी रु.५,४७,२७,३९,७३६/- मा ८.५ (आठ दशमलब पाँच) प्रतिशतका दरले रु. ४६,५१,८२,८७८/- नगद लाभांश पारित गर्ने ।
५. संचालक समितिले प्रस्ताव गरे वमोजिम नगद लाभांश र वोनस शेयर वापतको कर प्रयोजनको लागि ०.६५७८९४७४ (सून्य दशमलव छ पाँच सात आठ नौं चार सात चार) प्रतिशतका दरले रु.३,६०,०४,८६७/- नगद लाभांश स्विकृत गर्ने ।

**ख) विशेष प्रस्ताव :**

१. संचालक समितिले प्रस्ताव गरे वमोजिम कम्पनीको हाल अद्यावधिक रुपमा कायम रहेको चुक्ता पूँजी रु.५,४७,२७,३९,७३६/- मा ४ (चार) प्रतिशतको दरले वोनस शेयरको रुपमा लाभांश रु.२१,८९,०९,५८९/- प्रदान गर्ने प्रस्ताव पारित गर्ने । वोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलब पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने ।
२. कम्पनीको चुक्ता पूँजी बृद्धि गरी स्वीकृत प्रबन्धपत्रको दफा ८(ग) तथा नियमावलीको नियम ४(ग) थप संशोधन गर्ने सम्बन्धमा ।
३. कम्पनीले प्रवन्धपत्रको दफा ४(५) को हालको लगानी सम्बन्धि ब्यवस्था थप परिमार्जन गर्ने सम्बन्धमा ।
४. कम्पनी ऐन २०६३ को दफा १०५(१)ग वमोजिम आ.व.२०८१/०८२ मा भएको खर्च अनुमोदन गर्ने ।
५. संशोधित प्रबन्धपत्र/नियमावली अभिलेख गर्ने निकाय वा नियमनकारी निकायवाट कुनै फेरवदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

## साधारण सभा सम्बन्धि सामान्य जानकारी

१. ३८ औं वार्षिक साधारण सभाको प्रयोजनको लागि २०८२ साल पौष १७ गते १ दिनका लागि कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ । शेयरधनी दर्ता किताब बन्द भएको मिति २०८२ साल पौष १७ गते भन्दा अघिल्लो कार्यरत दिन सम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम हुन आउने शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन पाइने हुदाँ सम्बन्धित शेयरधनी तथा शेयर खरिदकर्ताहरुले सोही अनुसार शेयर नामसारी गर्नु हुन अनुरोध छ ।

२. यस कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछ । सभामा स्वयं उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुले कम्पनीको प्रतिनिधिपत्र (प्रोक्सी फारम) मा दस्तखत गरी प्रतिनिधी नियुक्त गर्न सक्नु हुनेछ । यस्तो प्रतिनिधि पत्र २०८२ पौष २५ गते शुक्रबार कार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालय, लाजिम्पाटमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीले तोकेको ढांचामा हुनु पर्नेछ । प्रतिनिधि पत्र (प्रोक्सी) को ढांचा यस कम्पनीको सूचना पाटीमा समेत राखिएको छ ।

३. प्रोक्सी दिने शेयरधनी महानुभावले शेयर किन्दाको अवस्थामा आफुले यस कम्पनीमा गरेको सही मिल्नु पर्दछ । अन्यथा प्रोक्सीले मान्यता पाउने छैन ।

४. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः बदर हुनेछ । तर प्रतिनिधि पत्र (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरेको ब्यहोरा स्पष्ट उल्लेख गरी तोकिएको म्याद भित्रै छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छन् । त्यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः बदर भएको मानिने छ ।

५. प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैसंग बाँकि राखी आफु समेत साधारण सभामा उपस्थित हुन पाउने गरी आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन । प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वयं आफै साधारण सभामा उपस्थित भएमा, मतदान गरेमा उक्त मुकरर गरिएको प्रोक्सी स्वतः बदर हुने छ ।

६. नाबालक वा मानसिक अवस्था ठिक नभएको शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षक जनिई दर्ता भएको ब्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नु हुनेछ ।

७. आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन कम्पनीको website (www.nationallife.com.np) मा हेर्न सकिनेछ ।

८. सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र र आफ्नो परिचय पत्र खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा प्रमाणित फोटो भएको अन्य कुनै परिचय पत्र) सभामा उपस्थित हुन अनिवार्य रुपमा साथमा लिई आउन अनुरोध छ अन्यथा सभा कक्षमा प्रवेश गर्न पाइने छैन ।

९. साधारण सभाको हाजिरी पुस्तिका बिहान ९:३० बजे देखि १०:५० बजे सम्म खुल्ला रहने छ ।

१०. सुरक्षाको दृष्टिले शेयरधनी महानुभावहरु सभा स्थल आउंदा झोला, ब्याग जस्ता वस्तुहरु नल्याउन अनुरोध गरिन्छ । सुरक्षाकर्मिले जांच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध छ ।

११. यस साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालय लाजिम्पाटमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव